# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।


प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ९३ | काठमाडौं | शुक्रबार, ०९ साउन २०८२ | Prabhab National Daily | Friday, 24 July 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


भूमि विधेयक अन्ततः संसदीय समितिमा

# ‘फास्टट्र्याक’ मा पारित गर्ने सरकारको प्रयासमा कांग्रेस बाधक

- प्रतिनिधिसभाबाटै दफावार छलफल गरेर पारित गर्न चाहन्थे ओली
- कांग्रेसको साथ नपाउँदा अन्ततः विधेयक सम्बन्धित समितिमा पठाउन सरकार तयार
- बैठकमा भूमि व्यवस्थामन्त्री बलराम अधिकारीले बिहीबार प्रतिनिधिसभा बैठकमा भूमि विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनी पेस गरेको प्रस्ताव सर्वसम्मत स्वीकृत
- भूमाफियालाई पोस्नेगरी विधेयक आएको भन्दै विरोध
- उक्त विधेयकमाथि विरोध जनाउँदै जसपा नेपालद्वारा सरकारलाई दिएको समर्थन फिर्ता
- यही विधेयकका कारण सत्ता गठबन्धनमा असमझदारी बढेको थियो




■ **जेबी योञ्जन**

**काठमाडौं–** भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक द्रुतमार्गबाट पारित गर्ने प्रधानमन्त्री केपी शर्मा ओलीको प्रयास असफल भएको छ। प्रमुख सत्ता साझेदार दल नेपाली कांग्रेसकसहित विपक्षी दलहरूको विरोधपछि विधेयक अन्ततः संसदीय समितिमा गएको हो। सरकारले प्रतिनिधिसभामै दफावार छलफल गरेर विधेयक ‘फास्टट्र्याक’मा पारित गर्ने तयारी गरेको थियो।

उक्त विधेयकमाथि विरोध जनाउँदै उपेन्द्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन नै फिर्ता लिएको थियो। प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रसहितका दलहरूले पनि विधेयकमा कतिपय प्रावधानहरू भूमाफियालाई फाइदा पुग्नेगरी राखेको भन्दै विरोध जनाएका थिए।

सर्वत्र विरोधले दबाबमा परेको सरकार पछि हट्दै विधेयकलाई अन्ततः संसदीय समितिमा पठाएको हो। बिहीबार प्रतिनिधिसभा बैठकमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले विधेयकलाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव पेस गरेका थिए। उक्त प्रस्ताव सभाले सर्वसम्मत स्वीकृत गर्‍यो। त्यससँगै विधेयक संसदीय समितिमा गएको हो।

विधेयक गत २५ असारमा पारित गर्ने सरकारको लक्ष्य थियो। त्यसका लागि २३ असारमा प्रतिनिधिसभामा दर्ता गरिएको थियो। निर्णायक घडीमा कांग्रेसका दुई महामन्त्री गगनकुमार थापा र विश्वप्रकाश शर्मा विधेयकका केही प्रावधान संशोधनयोग्य रहेको भन्दै जस्ताकोतस्तै पारित गर्न नहुने पक्षमा उभिए। परिणामतः कांग्रेसमा यो एजेण्डा प्रवेश भयो। त्यसपछि कांग्रेस र एमाले बीचमा छलफल भएर बिहीबारको प्रतिनिधिसभाले भूमि विधेयकलाई संसदीय समितिमा पठाउने निर्णय लिएको हो।

विधेयक संसदीय समितिमा पुग्नुअघि जसपा नेपालका अध्यक्ष यादवले भूमि विधेयकमा रहेका प्रावधानबारे पुनर्विचार गर्न सरकारलाई सुझाव दिए। उनले भने, ‘एकातिर सरकारले सगरमाथा समिट गरेको छ। अर्कोतिर वन फडानी गर्ने र भूमाफियालाई जग्गा प्रदान गर्नेगरी, वन विनास गर्नेगरी कानुन बनाउँदै छ, विधेयक ल्याएको पनि छ। हामी कस्तो नीति अँगाल्दै छौं ? यो नीतिलाई पुनर्विचार गरौं। तराईलाई मरुभूमीकरण हुनबाट जोगाऔं।’

सोमबार भूमि विधेयकलाई अगाडि बढाउने विकल्पबारे कांग्रेस र एमालेबीच छलफल भएको थियो।

क्रमशः पृष्ठ २ मा

# सरकारको स्वार्थप्रेरित संवैधानिक परिषद्सम्बन्धी विधेयक राष्ट्रपतिले रोके

## संविधानको मर्मविपरीत भएको औंल्याउँदै प्रतिनिधिसभामै पठाए फिर्ता

- संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष र सदस्यहरूमा प्रधानन्यायाधीश, विपक्षी दलका नेता, सभामुख, राष्ट्रिय सभा अध्यक्ष र उपसभामुख गरी छ जना सदस्य हुने संवैधानिक व्यवस्था छ
- तर संशोधित विधेयकमा अध्यक्ष र दुईजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा एकजना सदस्यसहित कम्तीमा दुईजना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिन्छ
- संशोधन संविधानको मर्म र भावना तथा लोकतान्त्रिक मूल्य, मान्यता र विश्वव्यापी अभ्यास प्रतिकूल देखिएपछि राष्ट्रपतिले गरेनन् प्रमाणीकरण



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन २०६६ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्न अस्वीकार गरेका छन्। संघीय संसद्को दुवै सदनबाट पारित भई प्रमाणीकरणका लागि आएको उक्त विधेयक संविधानको मर्म र भावना तथा लोकतान्त्रिक मूल्य, मान्यता र विश्वव्यापी अभ्यास प्रतिकूल रहेको भन्दै उनले बिहीबार प्रतिनिसभामै फिर्ता पठाएका हुन्।

राष्ट्रपति कार्यालयले उक्त विधेयकमा संशोधन गरिएका केही विषय पुनर्विचारका लागि प्रतिनिधिसभामा फिर्ता पठाएको जनाएको छ। ‘सो संशोधन संविधानको मर्म र भावना तथा लोकतान्त्रिक मूल्य, मान्यता र विश्वव्यापी अभ्यास प्रतिकूल भएकाले संविधानको धारा ११३ को उपधारा (३) बमोजिम पुनर्विचारका लागि विधेयक उत्पत्ति भएको प्रतिनिधिसभामा बिहीबार राष्ट्रपतिले फिर्ता पठाउनुभएको हो,’ राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले भने।

असार १८ गते प्रतिनिधिसभाबाट पारित उक्त विधेयक असार २५ गते राष्ट्रिय सभाबाट पारित भएको थियो। दुवै सदनबाट पारित भइ आएको संशोधन विधेयक प्रमाणीकरणका लागि गत असार ३१ गते राष्ट्रपतिसमक्ष आएको थियो। राष्ट्रपति कार्यालयमा आइपुगेको १५ दिनभित्र कि त प्रमाणीकरण कि त फिर्ता गर्नुपर्ने संवैधानिक व्यवस्थाअनुरूप विधेयक फिर्ता भएको हो।

### किन फिर्ता गरे राष्ट्रपतिले ?

नेकपाकालमा प्रधानमन्त्री केपी शर्मा ओलीले २०७७ मंसिर र २०७८ वैशाखमा अध्यादेशमार्फत् संवैधानिक परिषद्सम्बन्धी ऐन संशोधन गरेका थिए। त्यसबेला ओलीले तीनजना सदस्यमात्र उपस्थित भए पनि पदाधिकारी नियुक्त गर्न सकिनेगरी अध्यादेश ल्याएका थिए।

उक्त अध्यादेशको कांग्रेसले चर्को विरोध गरेको थियो। यसपटक भने सत्ता गठबन्धनमा रहेको कांग्रेसले यो भन्दा पनि खराब व्यवस्था परिकल्पना गरिएको संवैधानिक परिषद्सम्बन्धी विधेयक चुपचाप दुवै सदनबाट पारित गरेर पठाइदिएपछि राष्ट्रपति झस्केको बताइएको छ।

क्रमशः पृष्ठ २ मा

### विधेयक फिर्ता पठाउन राष्ट्रपतिले लिएका पाँच आधार

**१)** नेपालको संविधानको धारा २८४ मा यस संविधानबमोजिम प्रधानन्यायाधीश र संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्तिको सिफारिस गर्न प्रधानमन्त्री अध्यक्ष रहनेगरी एक संवैधानिक परिषद् रहने व्यवस्था रहेको छ। संविधानको उक्त धाराको उपधारा (४) मा संवैधानिक परिषद्को अन्य काम, कर्तव्य र अधिकार तथा प्रधान न्यायाधीश वा संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको नियुक्तिसम्बन्धी कार्यविधि संघीय कानुनबमोजिम हुने छ भनी उल्लेख भएको विषयलाई आधार लिएर मौजुदा संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को दफा ६ लाई संशोधन गर्न यो विधेयक तयार भएको देखिन्छ।

नेपालको संविधानको धारा १२९(२) बमोजिम प्रधानन्ययाधीशको नियुक्तिका लागि सिफारिस गर्दा तथा धारा २८३ बमोजिमका संवैधानिक निकायका प्रमुख र पदाधिकारीहरूको नियुक्ति सिफारिस गर्दा संवैधानिक अपेक्षाअनुरूप समावेशी, सहभागितामूलक र गुणस्तरीय प्रतिनिधित्वको संवैधानिक सिद्धान्तलाई आत्मसात् गर्न तथा सिफारिसको क्रममा हुनसक्ने स्वेच्छाचारिता नियन्त्रण गर्न, सुशासन एवं कानुनी शासन कायम गर्न एवं राज्य सञ्चालनमा शक्तिको पृथकीकरण,

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# कुवेतमा घरेलु हिंसामा परेकी महिलाको उद्धार

## ‘फ्रि भिसा, फ्रि-टिकट’को प्रलोभनमा परेर पुगेकी थिइन् कुवेत

■ **ममता थापा**

**काठमाडौं–** रोजगारीका लागि कुवेत गएकी २७ वर्षीया रिमा थापा (परिवर्तित नाम) घरेलु हिंसाको सिकार भएकी छन्। उनी घरेलु कामदारको रूपमा गत चैत २७ गते कुवेत गएकी थिइन्। सुर्खेतको लेकबेंसी नगरपालिका-१ की ती महिला कुवेतको अल जाहरास्थित एक घरमा काम गरिरहेकी थिइन्।

रिमा काम गर्ने घरकी साहुनीले काम लगाउने बहानामा यातना दिएको उनका नातेदार रत्न सुनुवारले बताए। रत्नका अनुसार रिमाले त्यहाँ पुगेको एक महिनापछि नै हिंसामा परेको सुनाउन थालेकी थिइन्। ‘साहुनीले खाना नदिई भोकभोकै राख्ने, हातमा टोकिदिने, कुटपिट गर्ने गर्दो रहेछ। एक दिनमा तीनदेखि चार घण्टामात्र सुत्न दिने रहेछ,’ उनले भने, ‘हातमा टोकेर रगतै निकालिदिएको फोटो पठाएपछि हामीले नेपाल झिकाउने पहल थाल्यौं।’

पीडितका परिवारले वडामार्फत दूतावासलाई पत्र लेख्नेदेखि राष्ट्रिय ट्रेड युनियन महासंघ नेपालमार्फत उद्धारका लागि पहल गरेको छ। त्यहाँ रहेको



*प्रतीकात्मक तस्बिर*

नेपाली दूतावासले आफूहरूले उद्धार गर्न नमिल्ने तर दूतावाससम्म आए नेपाल पठाउन सकिने बताएको थियो।

महासंघमार्फत कुवेतमा रहेका नेपालीहरूसँग चिनजान भएपछि रिमाको उद्धार गरिएको छ। दुईपटकको प्रयासमा रिमालाई उक्त घरबाट निकाल्न सफल भएको जनाइएको छ। उनलाई यही साउन ५ गते उद्धार गरी दूतावास पुर्‍याइएको छ। दूतावासले पुलिस रिपोर्ट, फिंगरिङ हेर्नेलगायतका प्रक्रिया पूरा गरेपछि नेपाल फर्काउने जानकारी दिएको छ।

### ‘फ्रि भिसा, फ्रि-टिकट’को प्रलोभनमा फस्दा...

सरकारले वैदेशिक रोजगारीमा घरेलु कामदारका रूपमा जान प्रतिबन्ध लगाएको लामो समय भइसकेको छ। तर रिमालाई ‘फ्रि भिसा, फ्रि-टिकट’को प्रलोभनमा पारी कुवेत लगिएको पाइएको छ। पछिल्लो समय कुवेतमा महिला घरेलु कामदार गैरकानुनीरूपमा रहेको श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले नै बताउने गरेका छन्। प्रतिबन्धित हुँदाहुँदै भिजिट भिसा, फ्रि भिसाजस्ता प्रलोभन देखाएर रिमाजस्ता हजारौं महिलालाई गैरकानुनीरूपमा कुवेत लगिइरहेको देखिन्छ।

सुनुवारका अनुसार रिमाले कुवेतमै रहेकी आफ्नी साथीले ‘फ्रि भिसा, फ्रि भिसा’ टिकटमा त्यहाँ पुग्ने बन्दोबस्त मिलाएको बताएकी थिइन्। उनलाई त्यहाँ जान कुनै खर्च नलागेको परिवारको भनाइ छ। उनीसँगै अर्की एक जना महिला पनि गएको जनाइएको छ।

ती साथी को हुन्, अन्य कतिजनालाई यस्तो प्रलोभनमा पारेर लगेका छन् यस विषयमा केही थाहा नभएको उनले बताए। रिमालाई त्यहाँ जाने प्रक्रियासमेत कसैलाई थाहा नदिई गर्न लगाइएको उनको भनाइ छ। ‘उनीहरू फ्रि भिसा, फ्रि-टिकटमा गएका हुन्। सबै कुरा फ्रि भनेपछि त्यसकै प्रलोभनमा परे,’ उनले भने, ‘त्यहाँ जाने भनेर हामीलाई केही भनेको थिएन। जानेबेलामा मात्र थाहा पाएको हो।’ उनीहरूलाई महिनामा ४०-४५ हजार कमाइ हुन्छ भनेर लगिएको सुनुवारको भनाइ छ।

क्रमशः पृष्ठ २ मा




## पृष्ठ १ बाट क्रमश:

## सरकारको...

संवैधानिक परिषद्मा प्रधानमन्त्री अध्यक्ष र सदस्यहरूमा प्रधानन्यायाधीश, विपक्षी दलका नेता, सभामुख, राष्ट्रिय सभा अध्यक्ष र उपसभामुख गरी छ जना सदस्य हुने संवैधानिक व्यवस्था छ । तर सरकार सञ्चालनका लागि सहज पार्न भन्दै विधेयकमा चार विकल्प प्रस्तुत गरिएको छ । चौथो विकल्पमा संवैधानिक परिषद्मा प्रधानमन्त्री र प्रधानन्यायाधीशमात्रै भए बहुमत पुग्ने परिकल्पना गरिएको छ ।

'यो त अध्यादेशभन्दा पनि खराब देखियो । त्यसपछि राष्ट्रपति पौडेलले कानुनी परामर्श थाल्नुभयो र अहिले फिर्ता पठाउनुभएको हो,' शीतलनिवास स्रोतले भन्यो । पहिलो अवस्थामा परिषद्मा अध्यक्ष र पाँचजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा तीनजना सदस्यसहित कम्तीमा चारजना भएमा निर्णय गर्न कोरम पुग्ने । दोस्रो अवस्थामा अध्यक्ष र चारजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना भएमा निर्णय गर्न सक्ने । तेस्रो अवस्थामा अध्यक्ष र तीनजना सदस्य बहाल रहेको अवस्थामा अध्यक्ष र कम्तीमा दुईजना सदस्यसहित कम्तीमा तीनजना भएमा निर्णय गर्न सक्छ ।

राज्य व्यवस्था तथा सुशासन समितिले १५ वैशाख २०८० मा दफावार छलफलका लागि प्राप्त गरेको विधेयक १३ महिना लगाएर टुंग्याइ १७ जेठ २०८१ मा प्रतिवेदन प्रतिनिधिसभामा पेस गरेको थियो । समितिबाट प्रतिवेदन प्राप्त भएको १० महिनापछि प्रतिनिधिसभाले विधेयक सर्वसम्मत पारित गरेको थियो ।

विधेयक संशोधनबारे नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रधानमन्त्री केपीशर्मा ओलीलाई साथ दिएको कांग्रेस स्रोतको दाबी छ । 'वेटिङ प्राइममिनिस्टर'का रूपमा रहेका देउवा एमाले-कांग्रेस गठबन्धनको सहमतिअनुसार अबको एक वर्षमा प्रधानमन्त्री बन्ने छन् । आफूले सरकारको नेतृत्व गरेको समयमा संवैधानिक नियुक्तिहरू गर्न सहज होस् भन्ने चाहना देउवाले राखेकाले यो संशोधनमा कांग्रेस महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा पनि मौन रहेको बताइएको छ । जबकि, कांग्रेस महामन्त्रीद्वयले भूमि विधेयकमा संशोधन अडान राखेका छन् भने संघीय निजामती सेवा विधेयकबाट हटाउन लागिएको 'कुलिङ पिरियड'सम्बन्धी व्यवस्थामा पनि अडान लिएका छन् ।

■■■

## विधेयक फिर्ता...

नियन्त्रण र सन्तुलनलाई संस्थागत गर्ने उद्देश्यका साथ संविधानले परिकल्पना गरेको संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरूका लागि नियुक्तिको सिफारिस गरी संविधानको कार्यान्वयन गर्ने अहम् भूमिका संवैधानिक परिषद्मा रहेको विषयमा कुनै प्रकारको सन्देह वा द्विविधा रहेको छैन ।

**२)** संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ को व्यवस्था र अहिले प्रस्तुत संशोधन विधेयकलाई तुलनात्मक रूपमा अध्ययन गर्दा प्रथम दृष्टिमै संविधानको धारा २८४ को भावना र मर्म एवं विश्वव्यापी लोकतान्त्रिक अभ्यास र मान्यता प्रतिकूल हुने देखिएको तथा यस्तो अभ्यासले संवैधानिकतालाई सीमित र संकुचित बनाउँछ कि भन्ने मेरो आशंका छ ।

**३)** संवैधानिक परिषद्ले गर्ने निर्णयमा जो कोहीको चासो र सरोकार स्वभावैले रहने हुँदा यसप्रतिको जनविश्वास बलियो नै हुनुपर्दछ । संविधानको धारा २८४ (१) मा उल्लिखित संवैधानिक परिषद्को अध्यक्ष र अन्य सदस्यहरूलाई स्थायीरूपमा नै राखेको देखिन्छ । तर बहाल रहेका सदस्यहरू पनि कुनै अमुक बेलामा बहाल रहँदैनन् वा अनुपस्थित हुन सक्छन् भनी कल्पनातीत अवस्थालाई लक्षित गरी कानुन बनाउँदा त्यसले गम्भीर र जटिल परिस्थितिको सिर्जना नगरोस् भन्नेतर्फ पनि मेरो ध्यान आकृष्ट भएको छ ।

**४)** संवैधानिक परिषद्मा उल्लिखित कूल संख्याको सर्वसम्मतिबाटै सिफारिस र निर्णय हुनुपर्दछ । कथम्कदाचित सर्वसम्मति हुन नसकेमा कुनै पनि तरहले कूल संख्याको बहुमत ओझेलमा पर्नु हुँदैन र बहुमतको आधार नै निर्णयको अन्तिम आधार स्तम्भ मानिनुपर्दछ । ऐनको दफा ६ को व्यवस्थालाई कुनै युक्तियुक्त आधार र कारणविना कुनै विशेष परिस्थितितर्फ इंगित गरी प्रस्तुत संशोधन विधेयकमा कम्तीमा अध्यक्ष र बहाल रहेका सदस्यहरूको पचास प्रतिशत उपस्थित हुँदा कायम हुन सक्ने सदस्यमात्र सम्मिलित भएर परिषद्को तर्फबाट गर्ने निर्णयलाई मान्यता दिँदा स्वत: अल्पमत भन्ने बुझिने भएकोले त्यस्तो व्यवस्था रहेको विधेयकको पुनर्विचार हुनु आवश्यक छ भन्ने मेरो धारणा रहेको छ ।

**५)** शासकीय सुविधालाई र व्यावहारिक आवश्यकतालाई बढी प्राथमिकतामा राखी संवैधानिक र कानुनी शासन व्यवस्थालाई प्रतिस्थापन गर्ने मनसाय देखिनेगरी संविधान र कानुनका व्यवस्थालाई अनादर गरियो भने प्रकारान्तरमा यसले स्वेच्छाचारितालाई प्रश्रय दिन जान्छ भन्ने विषयलाई समेत सम्मानित संसद्ले विचार गर्नु पर्ने देखिन्छ ।

■■■

## फास्टट्र्याक..

छलफलमा कांग्रेसका तर्फबाट गृहमन्त्री रमेश लेखक, महामन्त्री गगन थापा, कांग्रेसका प्रमुख सचेतक श्यामकुमार घिमिरे र सांसद दिलेन्द्रप्रसाद बडू सहभागी थिए । एमालेका तर्फबाट भूमि व्यवस्थामन्त्री अधिकारी, एमाले मुख्य सचेतक महेश बर्तौलालगायत थिए । बैठकमा विधेयकमा विवादित विषय र परेका संशोधन प्रस्तावउपर एमाले एकदमै लचक बनेको थियो । सचेतक बर्तौलाले धेरै विषय मिलेको र कांग्रेसको संशोधन प्रस्तावलाई स्वीकारेको बताउँथे । तर, केही दिनमै विधेयक फिर्ता लिनुपर्ने स्थितिमा सरकार पुग्यो ।

विधेयक ऐनमा रूपान्तरित भएपछि तीनवटा ऐन संशोधन हुने छ, जसअन्तर्गत भूमि ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ । भूमि व्यवस्थामन्त्री अधिकारीका अनुसार प्रचलित कानुनले घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीले तोकेको हदभित्रको जग्गा विकास गरी घडेरी, घर वा अपार्टमेन्ट बनाएर बिक्री गर्न पाउँदैनन् । यो बाधा खुलाउन विधेयक ल्याइएको उनको भनाइ छ । उनका अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न विधेयक ल्याएको हो ।

यता कांग्रेसका प्रमुख सचेतक घिमिरेका अनुसार प्रस्तावित विधेयकलाई अगाडि बढाउने सन्दर्भमा कुन तरिका अपनाउने भनेर हुने छलफललाई स्वाभाविक मान्नुपर्छ । 'विधेयकमाथि दफावार छलफल सभामै पनि हुन सक्छ, संसदीय समितिमा पनि हुन सक्छ । धेरैको जोड संसदीय समितिमै लैजाऔं भन्ने भएपछि भूमि विधेयक संसदीय समितिमै लगेका हौं,' उनले प्रभावसँग भने ।

यसअघि विधेयकबारे कांग्रेसबाटै संशोधन प्रस्तावहरू परेपछि एमाले हच्किएको थियो । त्यसले सत्ता गठबन्धनमै खटपट पैदा गरेको चर्चा भयो । खासमा विधेयकमा सार्वजनिक जग्गा सुकुम्बासीका नाममा वितरण गर्ने र हदबन्दीभन्दा बढी जग्गा लिएका कृषि तथा उद्योग फर्मको जग्गा रियलस्टेट प्रयोजनका लागि बिक्री वितरण गर्न बाटो खुल्ने प्रावधान छ ।

ऐनको दफा ५२ (ख) संशोधन गर्दै सार्वजनिक जग्गा सुकुम्बासीका नाममा कार्यकर्तालाई बाँड्न मिल्ने प्रावधान राखिएको छ । विधेयकमा भनिएको छ, 'सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताब वा लगतमा गौचर, हाट, हाटघाट वा बजार उल्लेख भएको जग्गामा दफा ५२ (ग) मा तोकेको समयावधिभन्दा अगावैदेखि घर टहरा बनाई आवाद कमोत गर्दै आएका रहेछन् र त्यस्तो जग्गा सुरु नापी हुँदाका बखत क्षेत्रीय नापी किताबको विरह महलमा वा लगतमा उल्लेख भएबमोजिम हाल उपयोगमा छैन भन्ने व्यहोरा जग्गा रहेको स्थानीय तहको कार्यपालिकाको निर्णयसहित लेखी आएमा त्यस्तो जग्गा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउन बाधा पर्ने छैन ।'

एमालेले यी प्रावधानसहित ल्याएको विधेयक जसरी पारित गराउन चाहेको थियो । कांग्रेसको चेतावनीले विधेयक 'होल्ड' भयो । विधेयकमा कांग्रेसको मूलभूत विमति भनेकै हदबन्दीभन्दा बढीको जग्गा घरजग्गा व्यवसायका लागि बिक्री गर्न दिने र सार्वजनिक जग्गा वितरण गर्न दिने प्रावधानमा हो । यी प्रावधान सच्याउन कांग्रेस महामन्त्रीद्वय थापा, शर्मा र सांसदहरू बडू, सञ्जय गौतमलगायतले संशोधन प्रस्ताव दर्ता गराए ।

■■■

## कुवेतमा...

### उद्धारका नाममा पीडितबाटै पैसा असुली !

पीडित महिलाका परिवारले टिकटकमार्फत राष्ट्रिय ट्रेड युनियन महासंघ नेपालले विदेशमा अलपत्र परेकाहरूको उद्धार गर्ने थाहा पाएको बताएको छ । महासंघले श्रमसम्बन्धी अन्य कामहरू गर्दै आएको तर विगत केही महिनादेखि अलपत्र श्रमिकको उद्धारको काम गर्न थालेको महासंघका सचिव धनबहादुर राईले बताए । उद्धार गरेबापत कुनै किसिमको सेवा शुल्क अनिवार्य नगरिएको र पीडितले स्वइच्छाले दिए लिने गरेको उनको भनाइ छ ।

'उद्धार गरेको शुल्क खासै लिइएको छैन । कोही दिनेले खुसीले दिए भने दिए, नत्र शुल्क लिने भन्ने छैन,' राईले भने । उद्धारका दूतावासले गाडी नपठाउने हुँदा ट्याक्सी भाडाबापत १० हजार रूपैयाँ भने पीडितले नै तिर्नुपर्ने उनले बताएका छन् । तर पीडितका परिवारले भने सचिव राईले पटक-पटक पैसा मागेकाले रिमाका श्रीमान्ले १२ हजार रूपैयाँ, आमाले १५ हजार रूपैयाँ र दिदीले १० हजार रूपैयाँ पठाएको बताएका छन् । राईले कुवेतमा रहेका उद्धारकर्तालाई पीडितले दिएको ट्याक्सी भाडासमेत नपठाइदिएकाले कुवेतमा अर्को २० हजार रूपैयाँ पठाउनुपरेको उनीहरूले बताएका छन् ।

कुवेतको श्रमबजारमा घरेलु कामदारको हिस्सा ठूलो छ । त्यहाँको केन्द्रीय तथ्यांक प्रशासनका अनुसार हाल विभिन्न मुलुकका सात लाख ३६ हजार घरेलु श्रमिक कार्यरत छन् । जसमध्ये ६.८ प्रतिशत अर्थात् ५० हजारभन्दा बढी नेपाली रहेको पाइएको छ । पछिल्लो समय बेरोजगार महिलाहरूलाई अवैधानिक माध्यमबाट त्यहाँ लगिँदा उनीहरू हिंसाको सिकार भइरहेका छन् । नेपाल सरकारले त्यहाँ अवैधानिकरूपमा बसेकाहरूलाई पनि हेर्ने बताउँदै आएको छ । तर यी मुलुकहरूको कानुनी जटिलताका कारण यस्ता श्रमिकको उद्धार कठिन हुँदै आएको छ ।


### अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस **Panchasorna Group Pvt. Ltd.** कम्पनीले CHINA बाट पैठारी गरेको देहायको मालबस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारण जानकारीका लागि प्रकाशन गरिएको छ ।

| सि.नं. | मालबस्तुको विवरण | आकार/प्रकार | ब्राण्ड | मोडल | क्षमता | उत्पत्तिको मुलुक राष्ट्र | ईकाइ | ईकाई प्रति मूल्य | प्रति ईकाई अधिकतम खुद्रा बिक्री मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y01 | N/A | CHINA | PCS | 7,000.00 | 10,000.00 | |
| 2 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y02 | N/A | CHINA | PCS | 7,500.00 | 12,000.00 | |
| 3 | RANGEHOOD CHIMNEY | N/A | PANCHAFRESH | PS82-25Y03 | N/A | CHINA | PCS | 8,500.00 | 14,000.00 | |

बिक्रेताको फर्मको नाम: Panchasorna Group Pvt. Ltd. स्थायी लेखा नं: 606749170
ठेगाना: Pepsikola-32, Kathmandu, Nepal फोन नं: 9801171012

### मलेसियामा रोजगार

कम्पनी : SUMMER BAY LANG ISLAND RESORT SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/04/07 LT. No. 327603 चलानी नं. ६०२४१४३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 18 | 0 | 1700 | ५५,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No.: 333/059/60

**SUHASHA LINK PVT. LTD.**
Samakhusi-14, Tokha, Kathmandu, Nepal, Tel: 01 4982668, 4962338
Email : suhashafrontdesk956@gmail.com, documentationsuhasa@gmail.com,

### युएइमा रोजगार

कम्पनी : N L G C CONTRACTING AND GENERAL TRANSPORT LLC

पूर्व स्वीकृति मिति : २०८२/04/08 LT. No. 327690 चलानी नं. ६०२४१४९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 10 | 0 | 1500 | ५६,२६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steal Fixer | 10 | 0 | 1500 | ५६,२६२ | | | | | | | |
| 3 | Mason | 10 | 0 | 1500 | ५६,२६२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Sulav Recruitment Pvt.Ltd.** Govt. License No. 1336/074/075
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : +977- 5903011/5903012, Email: sulavrecruitment@gmail.com, Website: www.sulavhr.com

### साउदीमा रोजगार

कम्पनी : ONE ROUND CAR SERVICE COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/08 LT. No. 327744 चलानी नं. ६०२४१५४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | VEHICLE CLEANING LABOUR | 3 | 0 | 1000 | ३६,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**ALMIGHTY INTERNATIONAL MANPOWER SERVICES PVT.LTD.**(JAYA SHREE HANUMAN) Govt. License No. 1440/074/75
Basundhara-03,Kathmandu, Nepal, Tel: 015906717
E-mail : almightynepal@gmail.com, Web: www.aimsrecruitment.com

### कुवेतमा रोजगार

कम्पनी : GULF SECURITY COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/07 LT. No. 327624 चलानी नं. ६०२४१४८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SECURITY GUARD | 47 | 10 | 130 | ५८,७०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : FIRST UNITED ELECTRICAL AND MECHANICAL CONTRACTING CO.

पूर्व स्वीकृति मिति : २०८२/04/07 LT. No. 327625 चलानी नं. ६०२४१४८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | PLUMBER | 31 | 0 | 130 | ५८,७०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।



| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



श्रम इजाजत नं. ९५४/०६७/६८

**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

### युएइ/कुवेतमा रोजगार

कम्पनी : TASCO ALUMINIUM AND GLASS — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८२/04/07 LT. No. 327672 चलानी नं. ६०२४१५२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Aluminium Fitter | 10 | 0 | 1400 | ५२,५१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Aluminuum Fabricator | 5 | 0 | 1400 | ५२,५१० | | | | | | | |

कम्पनी : RAWAJ AND KAHLA LADIES SALON CO SPC — शेवा शुल्क: नि:शुल्क

पूर्व स्वीकृति मिति : २०८०/१०/१४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/08 LT. No. 298944 चलानी नं. ६०२१३८९५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Hairdresser/manicure/pedicure/salon Worker/nail Te | 0 | 10 | 130 | ५८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KSC — शेवा शुल्क: १०,000

पूर्व स्वीकृति मिति : २०८०/०९/२६ पुन विज्ञापन स्वीकृति मिति : २०८२/04/08 LT. No. 297670 चलानी नं. ६०२१२९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 50 | 50 | 350 | १५८,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Nurse | 50 | 50 | 280 | १२६,८६० | | | | | | | |
| 3 | Dental Hygienist / Dental Assistan | 0 | 20 | 450 | २०३,८८० | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ६१,१६५ | | | | | | | |
| 5 | Security Guard | 20 | 0 | 125 | ५६,६३५ | | | | | | | |
| 6 | Cleaner | 10 | 10 | 120 | ५४,३६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |



वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।



**Omega International Pvt. Ltd.** Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337, E-mail : info@omeganepal.com, Website : www.omeganepal.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०९ साउन, २०८२

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **वृष** | नोकरीमा पद प्राप्ति हुनेछ । |
| **मिथुन** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **कर्कट** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **सिंह** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कन्या** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **तुला** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **वृश्चिक** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **धनु** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **मकर** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कुम्भ** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **मीन** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डाँछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०९ साउन , २०८२ (२५ जुलाई, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.७८ | १३८.३८ |
| युरो | १ को | १६०.६७ | १६१.३७ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.५३ | १८६.३४ |
| स्विस फ्रैन्क | १ को | १७२.३४ | १७३.०९ |
| अस्ट्रेलियन डलर | १ को | ८९.८० | ९०.१९ |
| क्यानाडियन डलर | १ को | १००.५१ | १००.९५ |
| सिङ्गापुर डलर | १ को | १०७.४८ | १०७.९४ |
| जापानी येन | १० को | ९.३३ | ९.३७ |
| चिनियाँ युआन | १ को | १९.२० | १९.२८ |
| साउदी अरब रियाल | १ को | ३६.७३ | ३६.८९ |
| कतारी रियाल | १ को | ३७.८० | ३७.९६ |
| थाई भाट | ख १ को | ४.२६ | ४.२८ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.५१ | ३७.६८ |
| मलेसियन रिङेट | १ को | ३२.५३ | ३२.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.९४ | ९.९९ |
| स्विडिस क्रोनर | १ को | १४.३३ | १४.३९ |
| डेनिस क्रोनर | १ को | २१.५२ | २१.६२ |
| हङकङ डलर | १ को | १७.५५ | १७.६३ |
| कुवेती दिनार | १ को | ४५१.०७ | ४५३.०४ |
| बहराइन दिनार | १ को | ३६५.४६ | ३६७.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

मानव-वन्यजन्तु द्वन्द्व

# एक वर्षमा ११ जनाको मृत्यु

■ प्रभाव संवाददाता

**भरतपुर–** चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्ष २०८१/८२ मा हात्ती, गैँडा, बाघलगायतका वन्यजन्तुको आक्रमणबाट ११ जनाले ज्यान गुमाएका छन् ।

सबैभन्दा धेरै गैँडाको आक्रमणबाट आठ जनाले ज्यान गुमाएको निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरले जानकारी दिए । त्यसैगरी हात्तीको आक्रमणबाट दुई र बाघको आक्रमणबाट एक जनाले ज्यान गुमाएको उनले बताए । सोही अवधिमा वन्यजन्तुको आक्रमणबाट ४१ जना घाइते भएका छन् । घाइतेमध्ये गम्भीर घाइते ३२ र सामान्य घाइते नौ जना छन् ।

वन्यजन्तुबाट मृत्यु हुनेमा अधिकांश घाँस काट्न र निगुरो टिप्न गएका व्यक्ति छन् । बाघ, गैँडा, हात्ती, जंगली बँदेल, मगरगोही, गौरीगाईलगायत वन्यजन्तुको आक्रमणबाट मानिसहरूको मृत्यु भएको निकुञ्जले जनाएको छ । चितवन राष्ट्रिय निकुञ्जको पछिल्लो पाँच वर्षमा जंगली जनावरको आक्रमणबाट ७३ जनाले ज्यान गुमाइसकेका छन् । सोही अवधिमा वन्यजन्तुको आक्रमणमा परी १६९ जना घाइते भएका छन् । उनका अनुसार पछिल्लो पाँच वर्षको अवधिमा आव २०७८/७९ मा सबैभन्दा धेरै ३० जनाले ज्यान गुमाएका थिए । सो वर्ष बाघको आक्रमणबाट मात्रै २१ जनाको मृत्यु भएको थियो ।

मध्यवर्ती क्षेत्रका बासिन्दाहरू निकुञ्ज तथा सामुदायिक वनको अनुमति लिएर घाँसदाउराका लागि जाने गर्दछन् । चितवन राष्ट्रिय निकुञ्ज मध्यवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष प्रकाश ढुंगानाले मानव र वन्यजन्तुको द्वन्द्व न्यूनीकरणका लागि वन्यजन्तुको वासस्थानलाई व्यवस्थित गर्नुपर्ने बताए । निकुञ्जले जनचेतनामूलक कार्यक्रमसहित मेस जाली लगाउने काम गरिरहेको जनाएको छ ।

वन्यजन्तुको आक्रमणबाट एक वर्षको अवधिमा १७९ वटा घरपालुवा पशुको क्षति भएको निकुञ्जको तथ्यांकमा उल्लेख छ । सबैभन्दा बढी चितुवाको आक्रमणबाट १४० वटा पशुको क्षति भएको छ । बाघको आक्रमणबाट ३७ र अजिंगरबाट दुईवटा पशुको क्षति भएको सूचना अधिकारी रानामगरले जानकारी दिए ।चितवन राष्ट्रिय निकुञ्ज आसपासमा रहेका २३ वटा घरमा हात्तीले क्षति पुऱ्याएको छ । निकुञ्जका अनुसार गत आवमा मात्रै १३ वटा घरको अन्न भण्डारमा हात्तीले क्षति गरेको छ ।

## एकवर्षमा ८३ वन्यजन्तु मरे

चितवन राष्ट्रिय निकुञ्जमा गत आर्थिक वर्षमा ८३ वटा वन्यजन्तु मरेका छन् । जसमध्ये ४५ वटा प्राकृतिक कारणले मरेका हुन् । निकुञ्जका सूचना अधिकारी अविनाश थापामगरका अनुसार गत आवमा २८ वटा गैँडा मरेका छन् । जसमध्ये १८ वटा प्राकृतिक कारणले, जुधेर तीन, विद्युतीय करेन्टबाट एउटा, बाढीपहिरोबाट दुई र दलदलमा फसेर तीनवटा मरेका छन् । एउटाको कारण खुलेको छैन ।

प्राकृतिक कारणले चितुवा एउटा, हात्ती पाँचवटा मरेका छन् । दुई हात्तीको मृत्युको कारण खुलेको छैन । एउटा बाघ जुधेर मरेको छ भने अर्कोको कारण खुलेको छैन । चित्तल १२ वटा प्राकृतिक कारणले मरेका हुन् भने सडक दुर्घटनामा दुई चितल मरेका छन् । तारजालीमा परेर एउटा र कुकुरले टोकेर १६ चित्तल मरेका हुन् । जरायो तीन, रतुवा एउटा, घडीयाल गोही दुई, नीलगाई दुई, अजिंगर एक, स्याल एक, भालु एक र अन्य जनावर दुईवटा मरेका निकुञ्जले जनाएको छ ।

सोही समयमा १३५ वटा जनावरको उद्धार गरिएको छ । जसमा चार गैँडा, दुई बाघ, सात चित्तल, तीन कछुवा, ३७ सर्प रहेका छन् । त्यसैगरी अजिंगर ६१, मगर गोही ११, घडीयाल गोही दुई, गिद्द दुई, गोहोरो एउटा, नील बिरालो एउटा र अन्य दुई जनावरको उद्धार गरिएको छ ।

# 'मधेसलाई मरूभूमिकरण हुनबाट जोगाऊ'

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतिनिधिसभाका सांसदहरूले संकटग्रस्त र सुक्खाग्रस्त क्षेत्र घोषणा गरिएको मधेस प्रदेशलाई उच्च प्राथमिकता दिन माग गरेका छन् । प्रतिनिधिसभाको बिहीबारको बैठकको विशेष समयमा बोल्दै सांसदहरूले उक्त माग गरेका हुन् ।

सांसदहरूले किसानलाई सहुलियत उपलब्ध गराउन, चुरे संरक्षण, वन फडाँनी नियन्त्रण र वृक्षरोपणसँगै मधेसलाई मरुभूमिकरण हुनबाट बचाउन, भ्रष्टाचार नियन्त्रणसहित सुशासन कायम गर्न, सडक निर्माणमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराए । बैठकमा भाग लिँदै जनता समाजवादी पार्टी नेपालका सांसद उपेन्द्र यादवले मधेस प्रदेशमा तत्काल 'डिपबोरिङ'को सुविधासहित विद्युतीय सिँचाइ व्यवस्था गर्न सरकारसँग माग गरे ।

'तत्काल 'डिपबोरिङ' र विद्युतीय सिँचाइ प्रणालीको व्यवस्था गर्नुपर्छ, सुक्खाग्रस्त क्षेत्रमा २४सै घण्टा सहुलियत दरमा विद्युत् उपलब्ध हुनुपर्‍यो । किसानले लिएको ऋणमा छुट व्यवस्थासहित किसानका पक्षमा कार्यक्रम ल्याउन माग गर्दछु,' सांसद यादवले भने । उनले मधेसमा पिउने पानी र सिँचाइको अभावबारे पटक-पटक सरकारको ध्यानाकर्षण गराउँदा पनि समस्या सम्बोधन हुन नसकेको भनी असन्तुष्टि व्यक्त गरे ।

'यो समस्या विगत वर्षमा पनि थियो । यस विषयमा पटक-पटक सरकारको ध्यानाकर्षण गर्दा पनि वास्ता गरिएन । समयमै ध्यान दिएको भए यस किसिमको समस्या आउँदैनथ्यो,' सांसद यादवले भने । उनले गण्डक नहरको व्यवस्थापन र कोशी नदीको पानी सिँचाइमा उपयोग गर्ने सन्दर्भमा कूटनीतिक पहल गर्नसमेत सरकारको ध्यानार्कषण गराए । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद रामप्रकाश चौधरीले घोषणा गरिएको सुक्खाग्रस्त मधेस प्रदेशमा स्पष्ट नीति तथा कार्यक्रमसहित राहत र अनुदानको व्यवस्था हुनुपर्नेमा जोड दिए । उनले स्थलगत भ्रमणसहित राहत तथा अनुदानका प्याकेज तत्काल उपलब्ध गराउन अनुरोध गरे ।

जनमत पार्टीका सांसद अब्दुल खानले मधेसमा देखिएका समस्याप्रति सरकारलाई गम्भीर हुन आग्रह गरे । उनले कतिपय समस्या समाधानका क्रममा सम्बन्धित विभाग र मन्त्रालयको कामकारवाहीमा स्पष्ट नहुँदा थप जटिलता सिर्जना भएको बताए । 'मन्त्रालय र विभागहरूको काम स्पष्ट नहुँदा कैयौं समस्या देखिएका छन् । यतिखेर मलखाद, खानेपानी र सिँचाइको समस्याबाट किसान पीडित छन् । तीनै तहका सरकारले संकटग्रस्त र सुक्खाग्रस्त क्षेत्र घोषणा गरेको छ । तर घोषणाले मात्र समस्या समाधान हुँदैन, किसानले राहत पाउनुपर्‍यो,' सांसद खानले भने ।

नेपाली कांग्रेसका सांसद रामकृष्ण यादवले मधेसमा खानेपानी, सिँचाइ र रासायनिक मल उपलब्ध गराउन यथासम्भव वैकल्पिक उपायसहित राहतमूलक कार्यक्रम ल्याउन तीनै तहको सरकारको ध्यानाकर्षण गरे । संकटको समयमा मधेसका जनतालाई राज्यको उपस्थिति महसुस गराउन सक्नुपर्ने उनको भनाइ थियो ।

'अन्नको भण्डारका रूपमा परिचित मधेस प्रदेशमा अहिले धान रोपाइँ आधा भागमा मात्र भएको छ । तीन लाख ७२ हजार ६४५ हेक्टरमा धान रोपाइँ हुनुपर्नेमा एक लाख ७४ हजार ५०८ हेक्टरमामात्र रोपाइँ भएको अवस्था छ,' सांसद यादवले भने, 'सिँचाइको अभावमा रोपाइँ हुन सकेको छैन । रोपाइँ भएका स्थानमा पनि पानीको अभावले खेतमा धाँजा फाट्न थालेको छ, बीउ सुक्न थालेको छ, किसान चिन्तित छन्, त्यसतर्फ सरकारको ध्यान जान पर्‍यो ।'

अन्तर्राष्ट्रिय अदालतको निर्णय

# जलवायु कदम ऐच्छिक नभएर कानुनी दायित्व हुने

**काठमाडौं (प्रस)–** अन्तर्राष्ट्रिय अदालत (आइसिजे) ले जलवायु परिवर्तनसँग सम्बन्धित राष्ट्रहरूको कानुनी दायित्वबारे ऐतिहासिक फैसला सुनाएको छ । उक्त परामर्शयुक्त फैसलाले जलवायु परिवर्तनको सामना गर्न राष्ट्रहरूको कर्तव्यलाई स्पष्ट रूपमा अन्तर्राष्ट्रिय कानुनमार्फत पुष्टि गरेको हो ।

आइसिजेले जीवाश्म इन्धन उत्पादन, अनुमति तथा अनुदानलाई 'अन्तर्राष्ट्रिय अपराध सरहको कार्य' ठहर गर्न सकिने चेतावनीसमेत दिएको छ । अदालतले जलवायु कदम अब ऐच्छिक नभएर कानुनी दायित्वको रूपमा व्याख्यासमेत गरेको छ ।

अदालतले वातावरणीय क्षति रोक्ने, हालका र भावी पुस्तालाई जलवायु संकटको असरबाट जोगाउने तथा अन्तर ाष्ट्रिय सहकार्यको कानुनी दायित्व रहेकोसमेत औंल्याएको छ । जलवायु सन्धिहरू र अन्तर्राष्ट्रिय अभ्यासका आधारमा अब जीवाश्म इन्धनको प्रयोग घटाउनु, उत्सर्जन रोक्नु र प्रभावित मुलुकलाई सहयोग गर्नु राष्ट्रहरूको कानुनी जिम्मेवारी भएको अदालतले ठहर गरेको छ ।

'नेपालका सानो बस्तीदेखि लिएर विश्वका अग्रणी सहरसम्म नेपथ्यको प्रस्तुतिले श्रोता दर्शकको मायामा एकरूपता पाउन थालेको छ,' ब्यान्डको व्यवस्थापन सम्हाल्दै आएका नेपालयका किरणकृष्ण श्रेष्ठले भने 'नेपथ्यको कार्यक्रममा अपेक्षा गरिने व्यवस्थापकीय र प्राविधिक उत्कृष्टतालाई निरन्तरता दिंदै युरोपमा पनि सबै कार्यक्रम स्तरीय हलमा स्तरीय प्राविधिक संयोजनसहित प्रस्तुत गरिनेछ ।' यस यात्राका लागि व्यवस्थापक, प्राविधिक र कलाकारसमेत गरेर १४ सदस्यीय नेपथ्य टोली युरोप प्रस्थान गर्न लागेको उनको भनाइ छ ।

## 'मिसन नौटंकी' सार्वजनिक

**काठमाडौं (प्रस)–** हास्यव्यंग्यको पर्व 'गाईजात्रा'लाई लक्षित गर्दै हरेक वर्ष विभिन्न व्यंग्यात्मक सामग्री भित्रिने गर्दछन् । यस वर्ष कलाकार शिवशंकर रिजाल 'जोगिन्दर'ले आगामी 'गाईजात्रा'लाई लक्षित गर्दै गाईजात्रे कोसेली 'मिसन नौटंकी' सार्वजनिक गरेका छन् ।

दर्शक तथा श्रोतालाई हास्यव्यंग्यको माध्यमबाट मनोरञ्जन दिने र विकृतिमाथि प्रहार गर्दै चेतना प्रवाह गर्ने उद्देश्यले गाईजात्रालाई लक्षित गरी कोसेली ल्याइएको कलाकार रिजालले बताए । 'अहिले यस्ता कोसेलीको व्यवसायिकता छैन, तर यस्ता प्रस्तुति ल्याउनु हामी हास्य कलाकारको धर्म हो । सोही कारण मैले सुरुआती दिनदेखि निरन्तर गाईजात्रालाई लक्षित गर्दै व्यंग्यात्मक कोसेली ल्याउने गरेको छु । बर्सेनि दर्शकश्रोता मेरो कोसेलीको पर्खाइमा बस्नुहुन्छ भन्ने मलाई लाग्छ', उनले भने ।

विसं २०६१ देखि हरेक वर्ष निरन्तर रूपमा गाईजात्रालाई लक्षित गर्दै प्रस्तुति ल्याइरहेका कलाकार रिजालले 'मिसन नौटंकी' अहिलेको राजनीतिक घटनाक्रम, सामाजिक विकृतिदेखि फेसन र ग्ल्यामरसम्मलाई व्यंग्य गरिएको बताए ।

## रंगशाला

**डुरान्ड कप**

# आर्मी पहिलो खेलमै पराजित




■ प्रभाव संवाददाता

**काठमाडौं–** १३४औं डुरान्ड कपको पहिलो खेलमै नेपालको त्रिभुवन आर्मी फुटबल क्लब भारतको जम्सेदपुर एफसीसँग पराजित भएको छ । समूह सी अन्तर्गत बिहीबार जेआरडी टाटा स्पोर्ट्स कम्प्लेक्समा भएको प्रतिस्पर्धात्मक खेलमा आर्मी ३-२ ले पराजित भएको हो ।

सार्थक गोलुले खेलको तेस्रो मिनेटमै गोल गर्दै जम्सेदपुरलाई अग्रता दिलाएका थिए । तर कप्तान जर्ज प्रिन्स कार्कीले २६औं मिनेटमा गोल गरेपछि आर्मीले खेल बराबरी गर्‍यो ।

मनविर सिंहले ३०औं मिनेटमा गोल गर्दै जम्सेदपुरलाई २-१ को अग्रता दिलाए । दोस्रो हाफमा आर्मीले बराबरी गोल फर्कायो । अनन्त तामाङले ६०औं मिनेटमा आर्मीका लागि बराबरी गोल गरे । तर त्यसपछि भने जम्सेदपुरले गोल थप्दा आर्मीले गोल गर्न सकेन । निखिल बार्लाले ७१औं मिनेटमा गोल गर्दै जम्सेदपुरलाई ३-२ को जित दिलाए ।

जितपछि जम्सेदपुरले ३ अंक जोडेको छ । आर्मी अंकविहिन छ । आर्मीले दोस्रो खेल वान लद्दाकसँग अगष्ट ३ मा खेल्नेछ । त्यसपछि समूहको अन्तिम खेल इन्डियन आर्मीसँग अगष्ट ५ मा खेल्नेछ ।

डुरान्ड कपमा सहभागी २४ टिमलाई ६ समूहमा विभाजन गरेर खेलाइएको छ । हरेक समूहको शीर्ष स्थानमा रहने ६ टिम सिधै क्वाटरफाइनल पुग्नेछन् । यस्तै दोस्रो हुने मध्येबाट शीर्ष दुई टोलीले पनि क्वाटरफाइनलमा स्थान बनाउनेछ ।

## सेपाकताक्रोमा नेपाललाई स्वर्ण र रजत




**काठमाडौं (प्रस)–** नेपालले ३८औं आइएसिटएफ विश्व च्याम्पियनसिपमा दुई पदक प्राप्त गरेको छ । बिहीबार नेपालले मिक्स क्वाडमा स्वर्ण र पुरुष रेगुमा रजत पदक जितेको नेपाल सेपाकताक्रो संघका अध्यक्ष नेत्रप्रसाद गुरुङले जानकारी दिए ।

मिक्स क्वाडमा रोशन तामाङ (कप्तान), सुमित्रा डंगोल, निरु थापा मगर, पदम ठाडा मगर र राजन नेपालीले प्रतिस्पर्धा गरेका थिए । यो स्पर्धामा चाइनिज ताइपेईं दोश्रो र बंगलादेश तेश्रो भए । थाइल्यान्डमा भइरहेको प्रतियोगिताको रेगुमा रोशन, पदम र राजनसहित सुजन थिङ र सनम पुर्जामगरले खेलेका थिए । यो स्पर्धामा चाइनिज ताइपेईंले स्वर्ण पदक जित्यो ।

## बंगलादेश र बहराइन मैत्रीपूर्ण फुटबल खेल्ने

**काठमाडौं (प्रस)–** आगामी सेप्टेम्बरमा आयोजना हुने एएफसी यु-२३ एसियन कप छनोटको तयारीस्वरूप बंगलादेशको यु-२३ राष्ट्रिय टोलीले बहराइनविरुद्ध दुई मैत्रीपूर्ण खेल खेल्ने भएको छ ।

दुवै खेल अगस्ट १८ र २३ मा बहराइनमै हुने तय भएको छ । बंगलादेश फुटबल फेडेरेसन (बीएफएफ) को राष्ट्रिय टोलीसम्बन्धी समिति अध्यक्ष ताबिथ अवालको अध्यक्षतामा बुधबार बसेको बैठकले मैत्रीपूर्ण खेल खेल्ने निर्णय गरेको हो ।

सोही बैठकले छनोटअन्तर्गत समूह 'सी' का खेलहरू हुनुभन्दा पाँच दिनअघि नै बंगलादेश यु-२३ टोलीलाई आयोजक राष्ट्र भियतनाम पठाउने निर्णय पनि गरेको छ । उक्त समूहमा बंगलादेशसँगै सिङ्गापुर र यमन छन् । एएफसी यु-२३ प्रतियोगितामा सन् २०१२ देखि सहभागिता जनाउन थालेपनि बंगलादेशले समूह चरण पार गर्न असफल भएको छ । अहिलेसम्म टोलीले १८ खेलमाएक जित (श्रीलङ्काविरुद्ध) र एक बराबरी (भारतविरुद्ध) मात्र हासिल गर्न सकेको छ । यसपटक ११ समूह विजेता र ४ उत्कृष्ट उपविजेता टोलीले आयोजक साउदी अरेबियामा जनवरी ७ देखि २५ सम्म हुने प्रतियोगितामा स्थान बनाउनेछ ।

# जावलाखेलको सहज जितमा पुजन सुनारको चार गोल



■ प्रभाव संवाददाता

**काठमाडौं–** पुजन सुनारको उत्कृष्ट प्रर्दशप्रेरित जावालखेल युथ क्लब एन्फा यु-१६ युथ लिगमा बिहीबार प्लानिङ ब्वाइज युनाइटेडविरुद्ध ६-३ को सहज जित दर्ता गरेको छ ।

जितसँगै आठ खेलमा १० अंक जोडेको जावलाखेल नवौं स्थानमा छ । पराजित प्लानिङ ब्वाइज समान खेलबाट ६ अंकका साथ ११औं स्थानमा छ । सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा जावलाखेललाई जित दिलाउन पुजनले चार तथा विसाल शाही र सुजन तामाङले समान एक गोल गरे । प्लानिङ ब्वाइजका लागि सुमित खड्का, अनुराग बमजन र अर्जुन मंग्रातीमगरले गोल फर्काए ।

खेलको आठौं मिनेटमा पुजनको गोलमार्फत जावलाखेलले अग्रता लिएको थियो । पहिलो हाफको अन्तिम मिनेटमा उनैले टोलीको अग्रता दोब्बर बनाए ।

पुजनले ५९औं मिनेटमा ह्याट्रिक पूरा गरे । तीन मिनेटपछि नै उनले व्यक्तिगत तथा टोलीका लागि चौथो गोल गरे ।

विसालले ७३औं मिनेटमा गोल गर्दा जावलाखले ५-० ले अगाडि बढ्यो । ७८औं मिनेटमा सुमितले गोल गर्दा खेल ५-१ को स्थितीमा आयो ।

सुजनले ८४औं मिनेटमा गोल गरेपछि जावलाखेलको अग्रता ६-१ मा पुग्यो । त्यसको एक मिनेटमै अनुरागले प्लानिङ ब्वाइजका लागि दोस्रो गोल फर्काए । निर्धारित समयको अन्तिम मिनेटमा अर्जुनले प्लानिङका लागि तेस्रो गोल गरे । बिहीबारै सम्पन्न अन्य खेलमा एपिएफले एनआरटीलाई १-० तथा मछिन्द्रले संकटालाई २-१ ले पराजित गरे ।

# रूसी विमान दुर्घटनामा सवार सबै जनाको मृत्यु





**मस्को–** रुसको सुदूर पूर्वी दुर्गम क्षेत्रमा बिहीबार करिब ५० जना यात्रु बोकेको यात्रुबाहक विमान दुर्घटना हुँदा त्यसमा सवार सबैको मृत्यु भएको बताइएको छ । सोभियत संघमा निर्मित ट्विन प्रोपेलर एन्टोनोभ-२४ विमान दुर्गम र घना जंगलमा खसेको र दुर्घटनास्थलबाट धुवाँको मुस्लो उडेको देखिएको भिडियोहरू रूसी सञ्चारमाध्यमले सम्प्रेषण गरेका छन् ।

सरकारी सञ्चारमाध्यम र अनुसन्धानकर्ताले सार्वजनिक गरेको भिडियोमा घटनास्थलमा जीवित व्यक्तिको कुनै संकेत नपाइएको देखाइएको छ। अंगरा एयरलाइन्सको विमान ब्लागोभेश्चेन्स्क सहरबाट टिण्डा सहरतर्फ जाँदै गर्दा स्थानीय समयअनुसार दिउँसो १ बजे राडारसँग सम्पर्कबिच्छेद भएको थियो ।

एक उद्धार हेलिकप्टरले टिण्डा विमानस्थलबाट करिब १५ किलोमिटर दक्षिणमा रहेको जंगली पहाडको ढलानमा विमानको जलिरहेको भग्नावशेष फेला परेको थियो । रुसी अन्वेषकहरूले सार्वजनिक गरेको भिडियोमा दुर्घटनास्थलबाट धुवाँ उठिरहेको र जंगलको भुइँमा छरिएको विमानका टुक्राहरू देखिएको छ । सरकारी समाचार संस्था तासका अनुसार दुर्घटना भएको केही घण्टापछि मात्र खोजी तथा उद्धार टोली घटनास्थल पुगेको थियो र त्यहाँ कोही पनि जीवित रहेको कुनै प्रमाण फेला परेको थिएन । अनुसन्धानकर्ताहरूले दुर्घटनाको कारण भने खुलाएका छैनन् ।

अंगरा एयरलाइन्सका प्रमुख कार्यकारी अधिकृत सेर्गेई सलामनोभले रुसको आरईएन टिभी च्यानललाई बताएअनुसार घटनाको समयमा मौसम खराब थियो तर विमान चालक (क्याप्टेन)ले उडान गर्ने निर्णय गरेका थिए । करिब ३० हजार मानिसको बसोबास रहेको टिण्डा चिनियाँ सीमाबाट करिब २०० किलोमिटर (१२५ माइल) टाढा घना ताइगा जंगलमा अवस्थित छ । उक्त विमानमा कम्तीमा एक जना चिनियाँ नागरिक रहेको चीनको सरकारी सञ्चारमाध्यमले जनाएका छन् । *रासस/एएफपी*

# बंगलादेशका पूर्वप्रधानन्यायाधीश खैरूल हक पक्राउ



**ढाका–** बंगलादेश प्रहरीले बिहीबार देशका पूर्वप्रधानन्यायाधीश एबिएम खैरुल हकलाई पक्राउ गरेको छ । डिटेक्टिभ शाखा (डिबी) प्रहरीको टोलीले उनलाई स्थानीय समयानुसार बिहीबार बिहान ८ बजेतिर उनको धानमण्डी निवासबाट पक्राउ गरेको थियो ।

डिबीका संयुक्त आयुक्त नासिरुल इस्लामले पूर्वप्रधानन्यायाधीश एबिएम खैरुल हकको गिरफ्तारीको पुष्टि गरेका छन् । 'हो, हामीले उहाँलाई पक्राउ गरेका छौं,' इस्लामले भने, 'उहाँविरुद्ध तीनवटा मुद्दा छन् ।' खैरुल हकले बंगलादेशको १९औं प्रधानन्यायाधीशका रूपमा सेवा गरेका थिए । अगस्ट १८ मा सर्वोच्च अदालतका वकिल मुजाहिदुल इस्लाम शाहिनले खैरुलविरुद्ध भ्रष्टाचार र न्यायिक फैसलामा परिवर्तन गरेको आरोप लगाउँदै शाहबाग प्रहरी चौकीमा मुद्दा दायर गरेका थिए ।

यसअघि १५ अगस्टमा नारायणगञ्जको फतुल्ला प्रहरी चौकीमा अर्को मुद्दा दर्ता भएको थियो । फतुल्ला थाना बिएनपीका महासचिव तथा नारायणगञ्ज जिल्ला बार एसोसिएसनका पूर्वअध्यक्ष अब्दुल बारी भुइयाँले मुद्दा दायर गरेका थिए । भुइयाँको उजुरी १३ वर्षअघि कार्यवाहक सरकारी प्रणालीलाई खारेज गर्ने ऐतिहासिक फैसलासँग सम्बन्धित छ । उनले खैरुलमाथि संविधानको १३औं संशोधनलाई रद्द गर्न मूल फैसला परिवर्तन गरेको र प्रक्रियामा जालसाजी गरेको आरोप लगाए ।

खैरुलले सन् २०१० अक्टोबर १ देखि सन् २०११ मे १७ सम्म बंगलादेशको प्रधानन्यायाधीशका रूपमा सेवा गरे । सन् २०११ मेमा उनको नेतृत्वमा पुनरावेदन बेञ्चले विवादास्पद फैसला सुनाउँदै १३औं संशोधनलाई असंवैधानिक घोषणा गरेको थियो । बिडी न्युजका अनुसार यसले राष्ट्रिय चुनावको निरीक्षण गर्न प्रयोग गरिएको कार्यवाहक प्रणालीलाई प्रभावकारीरूपमा अन्त्य गरेको थियो । बंगलादेशको अन्तरिम सरकारले अपदस्थ प्रधानमन्त्री शेख हसिनाको शासनकालमा सेवा गरेका राजनीतिज्ञ, अर्थशास्त्री, शीर्ष निर्वाचन अधिकारी, नौकरशाह र प्रहरीसहित विभिन्न स्तरका व्यक्तिहरूलाई पक्राउ गर्दै आएको छ ।

गत वर्ष अगस्टमा विद्यार्थी नेतृत्वको विद्रोहमा शेख हसिना अपदस्थ भएकी थिइन् । उनको पतनपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो । *रासस/एएनआई*

थाइल्याण्ड-कम्बोडिया द्वन्द्व

# थाइल्याण्डले बन्द गऱ्यो कम्बोडियासँगका सबै सीमा

**बैंकक–** थाइल्याण्डले बिहीबार कम्बोडियासँगको आफ्नो सबै सीमाहरू बन्द गर्ने घोषणा गरेको छ । कम्बोडियाली सेनाको रकेटले दुई देशको सीमा क्षेत्रमा प्रहार गरेको 'नागरिक लक्षित आक्रमण' मा जना घाइते भएको थाई सेनाले बताएको छ ।

सामाजिक सञ्जालमा उपरक्षामन्त्रीले लडाइँको पुष्टि गर्दै सेनालाई पूर्णपरिचालन अधिकार प्रदान गरेको थाइल्याण्डको राष्ट्रिय प्रसारण सेवाले जनाएको छ । सूचना विभागका महानिर्देशक तथा विदेश मन्त्रालयका प्रवक्ता निकोर्न्डेज प्लांकुरले पत्रकार सम्मेलनमा यस्तो घोषणा गरेका हुन् ।

स्थानीय मिडियाले सुरिन प्रान्तको विवादित ता मुएन थोम मन्दिर नजिकैबाट लडाइँ सुरु भएको रिपोर्ट गरेको छ । कम्बोडियाली सेनाले थाई सीमामा आक्रमण गरेको थाई सेनाले जनाएको छ । कम्बोडियाले ता मुएन थोम भग्नावशेषबाट करिब २०० मिटर पूर्वमा थाइल्याण्ड सैन्य आधारतिर गोली हानेको सेनाको फेसबुक पेजलाई उद्धृत गर्दै बैंकक पोस्टले जनाएको छ । थाई सेनाले दुई देशको सीमा नजिकैको सुरिन प्रान्तको काप चोएङ जिल्लामा छ वटा एफ-१६ लडाकु जेट तैनाथ गरेको बताएको छ ।

द नेसनको रिपोर्टअनुसार सुरिन प्रान्तको ता मुएन थोम मन्दिर वरपरको क्षेत्रमा गोली चल्दा दुई थाई सैनिक घाइते भएका छन् । द्वन्द्वबाट प्रभावित क्षेत्रहरूमा ता मुएन थोम मन्दिर, ता क्वाई मन्दिर, चोङ बोक, प्रेह विहार, चोङ एन मा र चोङ चोम रहेका छन् । उबोन रत्चथानी प्रान्तको चोङ एनमा सीमा नजिकै भएको विष्फोटमा पाँच थाई सैनिक घाइते भएको एक दिनपछि आक्रमण भएको जनाइएको छ ।

कम्बोडियाका प्रधानमन्त्री हुन मानेटले थाई सेनाले ओड्डर मिञ्चे प्रान्तको ता मोने थोम र ता क्राबे मन्दिरहरूमा कम्बोडियाली सैन्य स्थानहरूमा आक्रमण गरेको र आफ्नो आक्रमणलाई मोम बेइ क्षेत्रमा विस्तार गरेको बताएका छन् । नोमपेन पोस्टका अनुसार उनले 'कम्बोडिया सधैं शान्तिपूर्ण रूपमा मुद्दाहरूको समाधान गर्न कटिबद्ध रहेको तर यस अवस्थामा हामीसँग यस सशस्त्र आक्रमणको विरुद्ध बलपूर्वक जवाफ दिनुबाहेक कुनै विकल्प नभएको' बताएका छन् ।

यसैबीच, कम्बोडियाको रक्षा मन्त्रालयले विज्ञप्ति जारी गर्दै थाइल्याण्डले अत्यधिक संख्यामा सेना तैनाथ गरेको, भारी हतियार प्रयोग गरेको र कम्बोडियाको क्षेत्र जबरजस्ती कब्जा गर्ने प्रयासमा हवाई आक्रमण गरेको आरोप लगाएको छ ।

बिहीबारदेखि लागू हुनेगरी बुधबार सेनाका कमाण्डर लेफ्टिनेन्ट जनरल बुन्सिन पाडक्लाङले सीमा बन्द गरी सुरिनको मन्दिरका भग्नावशेषहरू बन्द गर्न आदेश दिएको बैंकक पोस्टले जनाएको छ । बुधबार थाई सरकारले कम्बोडियाका राजदूत हुन सारोउनलाई निष्कासन गरी थाई राजदूतलाई फिर्ता बोलाइएको बैंक पोस्टले जनाएको छ ।

सीमाको थाईतर्फका क्षेत्रका गाउँलेहरूलाई यस क्षेत्र खाली गर्न आदेश दिइएको छ । गत महिना कम्बोडियाका पूर्वप्रधानमन्त्री तथा सिनेटका वर्तमान अध्यक्ष हुन सेनले थाई प्रधानमन्त्री पेटोङ्टार्न सिनावात्रासँगको विवादित सीमासम्बन्धी कुराकानी चुहावट गरेको आरोपमा थाइल्याण्डको संवैधानिक अदालतले सिनावात्रालाई प्रधानमन्त्रीबाट निलम्बन गरेको थियो ।




## कम्बोडिया-थाइल्याण्ड द्वन्द्वप्रति चीनद्वारा चिन्ता व्यक्त

**बेइजिङ–** चीनले बिहीबार कम्बोडिया र थाइल्याण्डबीच भएको द्वन्द्वप्रति 'गहिरो चिन्ता' व्यक्त गरेको छ । 'हामी वर्तमान घटनाक्रमप्रति गहिरो चिन्तित छौं । दुवै पक्षले संवाद र परामर्शमार्फत समस्याको उचित समाधान गर्ने आशा गर्दछौं,' विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले भने ।

असल छिमेकी भावना र मतभेदलाई उचित तरिकाले व्यवस्थापन गरे दुवै पक्षको दीर्घकालीन हित हुने उनले बताए । दशकौंदेखि चलिरहेको यो द्वन्द्व गत मे महिनामा रक्तपातपूर्ण सैन्य झडपमा परिणत हुँदा कम्बोडियाका एक सैनिकको मृत्यु भएको बताइएको छ ।

बिहीबार कम्बोडियाले थाइल्याण्डमा आक्रमण गरेपछि र थाई सेनाले हवाई जवाफमा एफ-१६ जेटहरू परिचालन गरेपछि द्वन्द्व भड्किएको बताइएको छ । झडपमा कम्तीमा एक जना सर्वसाधारणको मृत्यु भएको छ भने अन्य तीन जना घाइते भएको जनाइएको छ । कम्बोडिया लामो समयदेखि अर्बौं डलरको लगानी प्राप्त गर्दै चीनको कट्टर सहयोगी रहेको छ । गुओले बिहीबार चीनले द्वन्द्वमा 'निष्पक्ष र निष्पक्ष स्थिति' अपनाउने बताए ।

'बेइजिङले शान्ति र संवाद प्रवर्द्धन गर्न आफ्नै तरिकाले सक्दो प्रयास गरेको छ र जारी राख्ने छ, र परिस्थितिलाई सहज बनाउन प्रोत्साहन गर्न रचनात्मक भूमिका खेल्ने छ,' गुओले भने । रासस/एएफपी

### यसरी सुरु भयो विवाद

थाइल्याण्ड र कम्बोडियाका सशस्त्र सेनाहरूले तुलनात्मक रूपमा सानो, विवादित सीमा क्षेत्रमा एकअर्कामा छोटो गोलीबारी गरेपछि मे महिनामा विवाद भड्किएको थियो । उक्त क्षेत्रलाई दुवै मुलुकले आफ्नो भनी दाबी गर्छन् । दुवै पक्षले आत्मरक्षामा काम गरेको बताएका छन् । एक कम्बोडियाली सैनिक मारिएका छन् ।

दुवै मुलुकले पछि स्थिति शान्त बनाउन सहमत भएको भने तापनि कम्बोडियाली र थाई अधिकारीहरूले तनाव उच्च बनाउँदै सशस्त्र बलबाहेकका उपायहरू लागू गर्न वा धम्की दिन जारी राखे ।

थाइल्याण्डले कम्बोडियासँगको सीमामा कडा प्रतिबन्धहरू थपेको छ । प्रतिबन्धले विद्यार्थी, चिकित्सा बिरामीहरू र आवश्यक आवश्यकताहरू भएका अन्य बाहेक लगभग सबै सीमालाई रोकेको छ । बिहीबार थाई अधिकारीहरूले सीमा पूर्णरूपमा बन्द गर्ने घोषणा गरेका छन् ।

कम्बोडियाले पनि थाई चलचित्र र टिभी कार्यक्रमहरूमा प्रतिबन्ध लगायो, थाई इन्धन, फलफूल र तरकारीहरूको आयात रोक्यो र आफ्ना छिमेकीका केही अन्तर्राष्ट्रिय इन्टरनेट लिंक र विद्युत् आपूर्ति बहिष्कार गऱ्यो ।

### लडाइँले थाइल्याण्डमा राज( नीतिक उथलपुथल

दुवै पक्षको राष्ट्रवादी भावनाले स्थितिलाई उत्तेजित बनाएको छ । थाइल्याण्डका प्रधानमन्त्री पेटोङ्टार्न सिनावात्रालाई कम्बोडियाका एक वरिष्ठ नेतासँगको फोन कल चुहावट भएपछि सीमा विवादलाई सम्हाल्ने सम्भावित नैतिक उल्लंघनका लागि अनुसन्धान गर्न जुलाई १ मा कार्यालयबाट निलम्बन गरिएको थियो ।

उक्त फोनवार्तामा पेटोङ्टार्नले कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेनलाई 'काका' भनेर सम्बोधन गरिन् र थाई सैन्य नेतृत्वको आलोचना गरिन् । उक्त टिप्पणीलाई आलोचकहरूले राष्ट्रिय सार्वभौमसत्ताको अनादरका रूपमा प्रस्तुत गरे ।

सन् २०२३ मा हुन सेनका उत्तराधिकारी उनका छोरा हुन मानेट भए तर सिनेट अध्यक्षका रूपमा प्रभावशाली रहे । हुन सेन पेटोङ्टार्नका बुबा, लोकप्रिय तर विवादास्पद पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राका लामो समयका मित्र थिए तर सीमा विवादलाई लिएर उनीहरू अलग भए । चुहिएको फोनवार्ताले व्यापक आक्रोश र विरोधलाई निम्त्यायो । आफ्नो दोस्रो ठूलो साझेदार, भुमजाइथाई पार्टीले कम्बोडियाप्रति उनको नरमपनलाई उद्धृत गर्दै समर्थन फिर्ता लिएपछि पेटोंटार्नको फेउ थाई पार्टीको नेतृत्वमा रहेको गठबन्धन पनि कमजोर भयो ।

पेटोङ्टार्नले माफी मागेकी छन् र उनको टिप्पणी वार्ताको रणनीति भएको तर्क गरेकी छन् । उनका सहयोगी, पूर्वरक्षामन्त्री फुमथम वेचाचाईलाई कार्यवाहक प्रधानमन्त्री नियुक्त गरिएको छ । कम्बोडिया फेरि सीमा विवाद समाधान गर्न अन्तर्राष्ट्रिय अदालतमा पुगेको छ तर थाइल्याण्डले अदालतको क्षेत्राधिकारलाई अस्वीकार गरेको छ । *रासस/एएनआई*


**युएइमा रोजगार** कम्पनी : WHITE FALCON TECHNICAL SERVICES EST.

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327653 | चलानी नं.६0२४१४८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 25 | 0 | 1000 | ३७,५०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. १६६५/०८०/८१

ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com



**मलेसियामा रोजगार** कम्पनी : IN-TEAM SECURITY SERVICES SDN. BHD

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327644 | चलानी नं. ६0२४१४५९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 15 | 0 | 1700 | ५५,५२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu,Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np
श्रम ईजाजत नं. ९७१/०६७/०६८



**साउदीमा रोजगार** कम्पनी : HALA FAHD FAHD AL-MASARIR TRANSPORT ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/04/0८ | LT. No. 327535 | चलानी नं. ६0२४१४७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading And Unloading Worker | 1 | 0 | 1000 | ३६,७१७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

RECENT JOB PLACEMENT PVT. LTD
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com
श्रम ईजाजत नं. १३१८/७४/७५



**साउदीमा रोजगार** कम्पनी : SERA LEADING GENERAL CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327641 | चलानी नं. ६0२४१५१९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labouers | 1 | 0 | 1000 | ३६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | heavy equipment operatora | 1 | 0 | 1800 | ६६,०९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

HALESI OVERSEAS PVT LTD
Gaushala-9, Ratopul, Kathmandu, Nepal, Tel: 4489975, Mob: 9851057208, E-mail : halesioverseas074@gmail.com
Govt. License No. 1161/073/74



**साउदीमा रोजगार** कम्पनी : ASIR COOPERATIVE FACTORY FOR THE PRODUCTION OF POULTRY MEAT FOR INDUSTRY

पूर्व स्वीकृति मिति : २०८२/04/0८ | LT. No. 327630 | चलानी नं. ६0२४१५0८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOADING UNLOADING LABOR | 40 | 0 | 1000 | ३६,७१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

NABIL OVERSEAS PVT LTD.
Old Baneshwor Ktm, Nepal, Tel: +977-1-4479617/4472474, Fax : +977-1 -4466023
श्रम ईजाजत नं. ३५९/०५९/०६०



**युएइमा रोजगार** कम्पनी : WORK FORCE MAIDS TECHNICAL SERVICES L.L.C

पूर्व स्वीकृति मिति : २०८२/04/07 | LT. No. 327602 | चलानी नं. ६0२४१४६0

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Female Cleaners | 0 | 30 | 1000 | ३७,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छैन | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १६ गते (1st Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Humour Overseas Pvt. Ltd.
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com
श्रम ईजाजत नं. ७७७/०६५/०६६

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९७६०० | प्रति तोला – ० | प्रति तोला – २३२५ |



**आन्तरिक पर्यटक** | काठमाडौँ बालाजुको बाइस धारा उद्यानमा बिहीबार घुम्न आएका आन्तरिक पर्यटक। बिदाको समय बिताउन पार्क आउने गर्दछन्। *तस्बिर: हरिराम भेटुवाल/रासस*

# सिनामंगलको इन्धन डिपो गुहेश्वरी क्षेत्रमा सारिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल आयल निगमले रु छ अर्ब ५० करोड लागतमा त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा नयाँ हवाई इन्धन डिपो निर्माण गर्ने भएको छ। हाल सिनामंगलस्थित डिपो अन्तरराष्ट्रिय मापदण्ड बाहिर रहेको, विमानस्थलमा सुरक्षा जोखिम बढेको र भण्डारण क्षमता विस्तार गर्न नमिल्ने भएपछि निगमले विमानस्थलको उत्तरपूर्वी गुह्येश्वरी क्षेत्रमा नयाँ इन्धन डिपो निर्माण गर्ने तयारी अघि बढाएको हो।

त्रिभुवन विश्वविद्यालय, इञ्जिनियरिङ अध्ययन संस्थान, पूल्चोक क्याम्पसको कन्सल्टेन्सी सेवाले सो डिपो स्थानान्तरणसम्बन्धी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) आज निगमलाई हस्तान्तरण गरेको छ।

सिनामंगलस्थित निगमको कार्यालयमा आयोजित कार्यक्रममा इञ्जिनियरिङ अध्ययन संस्थानका सहायक डीन प्राडा सुरज लामिछाने र सहप्राध्यापक नारयण गौतमले सिनामंगलस्थित डिपोका प्रमख प्रदीकुमार यादव र लेखा प्रमुख प्रचण्ड पाठकलाई हस्तान्तरण गरे।



उक्त प्रतिवेदनमा कुल रु छ अर्ब ५४ करोड २९ लाखको लागतमा डिपो स्थान्तरण गरिने उल्लेख छ। अब बन्ने डिपोमा पेट्रोलियमसम्बन्धी अन्तरराष्ट्रिय मापदण्डको पूरा पालना गरिने छ। नयाँ डिपो अमेरिकी पेट्रोलियम इन्स्टिच्युटले तोकेको सुरक्षा मापदण्डको हुने निगमले जनाएको छ। डिपो स्थानान्तरणसम्बन्धी प्रतिवेदन तयार गर्न निगमले गत मङ्सिर ५ गते त्रिवि इञ्जिनियरिङ अध्ययन संस्थानलाई जिम्मा दिएको थियो। सरकारले गत साउन २८ गतेको मन्त्रिपरिषद् बैठकबाट सिनामंगलस्थित हवाई इन्धन डिपो गुह्वेश्वरीमा स्थानान्तरण गर्ने निर्णय गरेको थियो।

नयाँ बन्ने डिपोमा इन्धन भण्डारणका लागि तीन हजार किलोलिटरका पाँच वटा भर्टिकल टयाङ्क निर्माण हुनेछन्। भविश्यमा भण्डारण टयांक निर्माणका लागि थप जग्गा पनि रहनेछ। प्रमुख यादवले आगामी ५० वर्षका लागि हवाई इन्धनको माग धान्न सक्नेगरी नयाँ डिपो निर्माण गरिने जानकारी दिए।

डिपो अत्याधुनिक तथा पूर्णरूपमा स्वचालित हुनेछ। हवाई इन्धन 'लोडिङ' र 'अनलोडिङ'का लागि क्रमशः छ र आठ वटा वे, अन्तरराष्ट्रिय उडानका जहाजमा इन्धन भर्न सात वटा 'हाइड्रेन्ट रिफ्युलर' रहने निमगले जनाएको छ। डिपोमा अग्नि सुरक्षाका लागि दुई हजार १०० किलोलिटरका दुई वटा पानी टयाङ्क तथा पूर्णस्वचालित अग्नि नियन्त्रक प्रणाली जडान हुने प्रमुख यादवले जानकारी दिए।

नेपाल नागरिक उडड्यन प्राधिकरणले जग्गा व्यवस्थापनको काम सम्पन्न गरिदिएमा आगामी भदौमा अन्तरराष्ट्रिय बोलपत्र आह्वान गरी आगामी मङ्सिरदेखि निर्माण प्रारम्भ गर्ने योजना रहेको उनले बताए।

जग्गा व्यवस्थापनको काम अत्यन्त ढिलो गतिमा भइरहेको जानकारी दिँदै उनले प्राधिकरणबाट सहयोगको अपेक्षा गरिएको बताए। निर्माण सुरु भएको दुई वर्षमा आयोजना सम्पन्न गर्ने लक्ष्य लिइएको छ। विसं २०८४ मङ्सिरदेखि नयाँ डिपोबाट इन्धन भर्ने योजना रहेको प्रमुख यादवले सुनाए। इञ्जिनियरिङ अध्ययन संस्थानका सहायक डीन लामिछानेले आफूहरू जस्तोसुकै परियोजनाको पनि डिजाइन गर्न सक्षम रहेको बताए। उनले निगमसँगको सहकार्यबाट संस्थानको पनि क्षमता वृद्धि हुनुका साथै निर्धारित समयमा डिपिआर हस्तान्तरण गरिएको स्पष्ट पारे।

# निर्यातमा इतिहासकै उच्च बिन्दु हासिल : प्रधानमन्त्री ओली

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीले आर्थिक वर्षमा २०८१/२०८२ मा निर्यातमा इतिहासकै उच्च विन्दु हासिल भएको बताएका छन्।

प्रधानमन्त्री ओलीले बिहीबार सामाजिक सञ्जालमार्फत आव २०८१/२०८२ मा नेपालले रु दुई खर्ब ७७ अर्ब तीन करोड दुई लाख बराबरको वस्तु तथा सेवाको निर्यात गर्न सफल भएको जानकारी गराएका छन्।

आफू प्रधानमन्त्री हुनुअघि अघिल्लो वर्ष नेपालको कूल निर्यात रु एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाख मात्र रहेको उनले उल्लेख गरेका छन्।

प्रधानमन्त्री ओलीले लेखेका छन्, 'यस वर्ष निर्यातमा इतिहासकै उच्च विन्दु हासिल भएको छ। रु दुई खर्ब ७७ अर्ब तीन करोड दुई लाखको निर्यात गर्न हामी सफल भएका छौँ। हामी सरकारमा आउनुभन्दा अगाडि अघिल्लो वर्ष रु एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाखको निर्यात भएको थियो। गत वर्षको तुलनामा ८१ दशमलव ८० प्रतिशत निर्यात बढेको छ।'

# विमानस्थल सञ्चालन गर्न अर्थमन्त्री र युएईका राजदूतसँग भेट

**गण्डकी (प्रस)–** पोखरा अन्तरराष्ट्रिय विमानस्थलको यथोचित सञ्चालनका लागि होटल सङ्घ पोखरा नेपालको टोलीले बिहीबार अर्थमन्त्री र युएईका राजदूतसँग छुट्टाछुट्टै भेट गरेको छ।

प्रधानमन्त्री केपी शर्मा ओलीको आसन्न भारत भ्रमणअघि सङ्घको टोलीले अर्थमन्त्री विष्णुप्रसाद पौडेलमार्फत प्रधानमन्त्रीलाई भारतका विभिन्न सहरबाट पोखरा अन्तरराष्ट्रिय विमानस्थलमा सिधा उडानको पहलका लागि आग्रह गरेको हो। भेटमा अर्थमन्त्री पौडेलले पोखरा र भैरहवाको नयाँ विमानस्थलबाट अन्तरराष्ट्रिय उडान सञ्चालनका लागि आफूले सक्दो पहल गर्ने बताएको होटल सङ्घ नेपालका केन्द्रीय सदस्य एवं होटल सङ्घ पोखरा नेपाल सल्लाहकार परिषद्का संयोजक भरतराज पराजुलीले जानकारी दिए।

यसैगरी सङ्घको टोलीले काठमाडौँस्थित संयुक्त अरब इमिरेट्स् (युएई) का राजदूत अब्दुल्ला सइद मुवारकसँग भेट गरी पोखरा-दुबई सिधा हवाई सम्पर्कका लागि पहल गरिदिन आग्रह गरेको थियो।

भेटमा राजदूत अब्दुल्लाले पोखरा दुबई उडानका लागि आफूले फ्लाइ दुबईसँग कुरा राख्ने आश्वासन दिएको होटल सङ्घ पोखरा नेपालका अध्यक्ष लक्ष्मण सुवेदीले जानकारी दिए। पोखराको पर्यटन प्रवर्द्धन गर्ने र दुबईबाट पोखराको पर्यटन क्षेत्रमा लगानी भित्र्याउने विषयमा राजदूत सकारात्मक रहेको अध्यक्ष सुवेदीले बताए।

# २० करोड ८६ लाख राजस्व असुली

**झापा (प्रस)–** भद्रपुर भन्सार कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा रु २० करोड ८६ लाख ६९ हजार ६३२ राजस्व संकलन गरेको छ। विसं २०७५ मा मुख्य भन्सारको रूपमा स्तरोन्नति भएको यो भन्सार त्यसअघि छोटी भन्सारको रूपमा सञ्चालन भइरहेको थियो। आव २०८१/८२ मा कार्यालयले रु ३३ करोड १३ लाख ७३ हजार राजस्व संकलनको लक्ष्य राखेको थियो। लक्ष्यको तुलनामा ६३ प्रतिशत मात्र असुली भएको कार्यालयका प्रमुख अर्जुनप्रसाद सिटौलाले बताए। आव २०८०/८१ को तुलनामा आव २०८१/८२ को राजस्व असुलीसमेत घटेको छ।

# छ खर्ब २५ अर्बको आयात, एक खर्ब एक अर्बको निर्यात

**वीरगञ्ज (पर्सा) (प्रस)–** वीरगञ्ज नाका हुँदै गत आर्थिक वर्ष २०८१/०८२ मा रु छ खर्ब २५ अर्ब ९७ करोड मूल्य पर्ने वस्तु तथा सामान आयात गरिएको छ।

अघिल्लो आव २०८०/८१ को तुलनामा गत आवमा मूल्यको आधारमा १५ दशमलव १४ प्रतिशतअर्थात् रु ८२ अर्ब ३० करोड मूल्य बढीका सामान आयात गरिएको हो।

गत आवमा यो नाका हुँदै सबैभन्दा धेरै आयात हुनेमा पेट्रोलियम पदार्थ रहेको छ। पाँच थरिका पेट्रोलियम पदार्थमात्रै रु एक खर्ब ९१ अर्ब ८८ करोड रकमको आयात गरिएको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ। दोस्रो धेरै आयात हुने वस्तुमा भटमासको कच्चा तेल रु ५७ अर्ब ६८ करोडको रहेको छ।

वीरगञ्ज भन्सार कार्यालय प्रमुख दीपक लामिछानेले गत आवमा आयात र निर्यातमा दुवैमा उल्लेखनीय वृद्धि भएको बताए। 'गत आवमा आयात र निर्यात दुवैमा उल्लेखीय सुधार भएको देखिन्छ', उनले भने, 'अर्थतन्त्र सहज हुँदै गएकाले पनि वृद्धि भएको हुनसक्छ।'

गत आवमा मेसिनरी तथा तिनका पार्टपुर्जा रु ३६ अर्ब ६३ करोड मूल्यका आयात गरिएका छन्। रु ३४ अर्ब ४१ करोड मूल्य पर्ने फलाम तथा फलामबाट बनेका सामान आयात गरिएका हुन्। सोही अवधिमा रु २८ अर्ब ५३ करोड मूल्य पर्ने सबै प्रकारका 'एलोपेथिक' औषधि आयात गरिएका छन्।

गत आवमा आयात मात्रै नभएर निर्यातमा पनि बढोत्तरी भएको छ। रु एक खर्ब एक अर्ब ८४ करोड मूल्य बराबरका वस्तु तथा सामान निर्यात गरिएको छ। अघिल्लो आवमा यो नाका हुँदै रु ३१ अर्ब १४ करोड मूल्यका वस्तु तथा सामान निर्यात गरिएको थियो। सो आवको तुलनामा यो नाका हुँदै २२७ दशमलव ०९ प्रतिशतअर्थात् रु ७० अर्ब ७० करोड मूल्य बराबरका बढी वस्तु तथा सामान निर्यात गरिएको छ।

सबैभन्दा धेरै निर्यात हुने वस्तुमा भटमासको प्रशोधित तेल रहेको छ। गत आवमा रु ६१ अर्ब ४५ करोड मूल्य पर्ने २९ करोड १४ लाख ९१ हजार ७५९ लिटर प्रशोधित भटमासको तेल निर्यात गरिएको हो।

जबकी अघिल्लो आवमा रु नौ करोड मूल्य पर्ने चार लाख ६४ हजार १३८ लिटर मात्रै निर्यात गरिएको थियो। त्यसैगरी गत आवमा रु नौ अर्ब २६ करोड मूल्य पर्ने चार करोड १५ लाख नौ हजार २७३ लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात गरिएको छ। अघिल्लो आवमा रु १० करोड मूल्य पर्ने पाँच लाख २७ हजार २९१ लिटर सूर्यमुखीको प्रशोधित तेल निर्यात गरिएको थियो।

गत आवमा रु सात अर्ब ६९ करोड मूल्य पर्ने आठ करोड एक लाख ३४ हजार २२७ लिटर फलफूलको जुस निर्यात गरिएको छ। अघिल्लो आवमा रु आठ अर्ब ५९ करोड मूल्य पर्ने आठ करोड ८० लाख १० हजार ६९० लिटर फलफूलको जुस निर्यात गरिएको थियो।

गत आवमा रु पाँच अर्ब ३७ करोड मूल्य पर्ने चार करोड ५२ लाख ५६ हजार ८१० किलोग्राम फलाम तथा फलामबाट बनेका सामग्री भारत निर्यात गरिएको छ। अघिल्लो आवको सोही अवधिमा रु आठ अर्ब ५९ करोड मूल्य पर्ने सात करोड २६ लाख ३६ हजार २३१ किलोग्राम फलाम तथा फलामका सामग्री विदेशी मुलुक निर्यात गरिएको थियो।


## बाढी र पहिरोबाट सचेत होऔं

**बाढी र पहिरो आउनुअघि:**

- स्थानीय रेडियो या अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामाग्री, टर्चलाइट, खानेकुरा, लुगाफाटालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपांगता भएका व्यक्तिहरूलाई प्राथमिकता दिऔं ।

**बाढी र पहिरो आएमा:**

- अनावश्यक हिँडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलहरूबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले पार गरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक


प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित　मुद्रण: एक्प्रेस कलर प्रेस,　कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८,　इमेल: prabhabdailynews@gmail.com,　विज्ञापनका लागि: marketing2prabhab@gmail.com,　प्रबन्ध निर्देशक: कृष्ण कार्की,　सम्पादक: विष्णु तामाङ